



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com



NITCO

TILES MARBLE MOSAICO

Parsa Marble & Tiles Pvt. Ltd. Birgunj
Adarshnagar-10 in Front Of Panitanki
Gate Parsa Nepal 051-591592, 9811895095



❖ वर्ष ३४ ❖ २०७८ साउन ३१ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 August 15 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३४८


## प्रतीकको ३५ औं वार्षिकोत्सवसहित
# तीन स्थानमा ९४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० साउन/

वीरगंजका दुई स्थान र बाराको एक स्थानमा गरी शनिवार तीन स्थानमा भएको रक्तदान कार्यक्रममा ९४ जनाले रक्तदान गरेका छन् ।



तस्वीरः प्रतीक




रक्त सञ्चार केन्द्र वीरगंजका प्रमुख उदयराज शर्माले प्रतीक दैनिकको ३५औं वार्षिकोत्सवमा ११ जना, नेपाल औषधि तथा बिक्री प्रतिनिधि सङ्घले माईस्थानमा गरेको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ७२ जना र रोट्र्याक्ट क्लब सिमराले पिलुवामा गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ११ जनाले रक्तदान गरेको बताए ।

प्रतीक दैनिकको ३५औं वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा धर्मेन्द्र चौरसिया, नितेश कर्ण, पुकार सुवेदी, भरत सहनी, अभिषेक पटेल, अजित भुजेल, हरिकान्त साह, राजेश मिश्र, राधेश्याम पटेल, बलिराम शुक्ल र अनुप तिवारीले रक्तदान गरेका थिए ।

यसैगरी, नेपाल औषधि तथा बिक्री प्रतिनिधि सङ्घको ५२औं वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा विशाल गुप्ता, नीरज सिंह, नागेन्द्र गौरो, ज्योति चौहान, मालतीकुमारी चौधरी, सावन पटेल, रामबाबू ठाकुर, धीरज झालगायतले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

# वीरगंजेली स्रष्टाहरूको प्रभात काव्य-यात्रा सम्पन्न

प्रस, वीरगंज, ३० साउन/

वीरगंजका साहित्य स्रस्टाहरूको प्रभात काव्य-यात्रा शनिवार बिहान सम्पन्न भयो । प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माको अगुवाइमा प्रतीक दैनिकको कार्यालयमा कार्यक्रम सम्पन्न भएको हो ।



तस्वीरः प्रतीक

सो अवसरमा लेखक तथा उपन्यासकार गणेश लाठ, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, वीरगंज भन्सारका प्रमुख हरिहर पौडेल, रितेश त्रिपाठी, दिलीपराज कार्की, गोपालप्रसाद खनाल, सूर्यनारायण विक, प्रिया मिश्र, गीता भण्डारी, अजमत अली, श्रेयज सुवेदी, दिवस सर्राफलगायतले साहित्यिक सिर्जना प्रस्तुत गरेका थिए ।

स्रष्टाहरूले नेपाली, हिन्दी र भोजपुरी भाषामा गजल, कविता, गीत, मुक्तकलगायतका सिर्जना पस्केका थिए ।

प्रभात काव्य-यात्रामा हरेक महीनाको अन्तिम शनिवार साहित्यिक जमघट हुँदै आएको छ ।

सो जमघटमा साहित्यिक भलाकुसारीका साथै रचनावाचन गरिँदै आइएको छ ।

विगत एक वर्षदेखि कोरोना महामारीका कारण स्थगित प्रभात काव्य-यात्रा अघिल्लो महीनादेखि पुनः सुचारु गरिएको हो ।

## ओली सरकारको गलतीबाट देउवा
# सरकारले पाठ सिक्नुपर्छ -वरिष्ठ अधिवक्ता त्रिपाठी

राधेश्याम पटेल, परवानीपुर, ३० साउन/

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले शेरबहादुर देउवा नेतृत्वको सरकारलाई गलती गर्ने छुट नभएको बताएका छन् । वीरगंजका सञ्चारकर्मीहरूसँग शनिवार कुराकानी गर्दै उनले बताएका हुन् ।

प्रेस युनियन पर्साद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले पछिल्लो नेपालको राजनीतिक, संसदीय र न्यायालयको अवस्थाका बारेमा चित्रण तथा विश्लेषण गरेका थिए । उनले देउवा सरकारले ओली सरकारले गरेका गलती र कमजोरीबाट पाठ सिकेर अघि बढ्नुपर्ने बताए । देउवा सरकारलाई कुनै पनि असंवैधानिक काम नगर्न अपील गर्दै उनले जनतामा बढेको निराशालाई चिर्न कोरोना महामारीको बेला सबैले खोप पाउने वातावरण बनाउनुपर्ने बताए । देशमा बढेको भ्रष्टाचार र अनियमिततालाई निरुत्साहित गर्दै मुलुकमा सुशासन कायम गर्नेतर्फ सरकार अघि बढ्नुपर्नेमा अधिवक्ता त्रिपाठीले जोड दिए ।

दुईपटक संसद् पुनर्स्थापना गराउन रिट दायरकर्ता एवं बहसकर्ताको भूमिका निर्वाह गरेका वरिष्ठ अधिवक्ताले देउवा सरकारले गलती गरे के गर्नुहुन्छ ? सञ्चारकर्मीले सोधेको प्रश्नमा उनले भने, "मेरोलागि व्यक्तिविशेषभन्दा संविधान, विधिको शासन र संविधानको मूल्य-मान्यताविपरीत जो कसै गयो भने कानूनी बाटोबाट जनताको अधिकारको लागि वकालत गरिरहनेछु ।"

आफ्नो आगामी यात्रा अध्यादेशको भरमा नियुक्ति पाएका ५२ जनाको नियुक्ति बदर गराउनु रहेको बताउँदै उनले उक्त मुद्दाको सुनुवाइ विगत आठ महीनादेखि नभएको भन्दै असन्तुष्टि जाहेर गरे । "सर्वोच्च अदालतले ती असंवैधानिक नियुक्ति बदर गरेर देशलाई संवैधानिक बाटोमा हिंडाउनु पनि जरुरी छ," उनको भनाइ थियो ।



पत्रकार सम्मेलनमा बोल्दै अधिवक्ता त्रिपाठी (बीचमा) । तस्वीरः प्रतीक

संवैधानिक निकायका ५२ जनाविरुद्धको मुद्दामा पनि अधिवक्ता त्रिपाठी रिटकर्ता हुन् । उनले उक्त मुद्दामा प्रधानन्यायाधीशलाई पनि संसदीय सुनुवाइविनै नियुक्त गर्ने निर्णयमा सघाएकाले विपक्षी बनाइएको बताए । सर्वोच्च अदालतका अन्य न्यायधीशले सुनुवाइ गर्दा आफ्नो गरिमा र प्रतिष्ठामा आँच आउँला भनेर प्रधानन्यायाधीशकै कारण सुनुवाइमा विलम्ब भएको त्रिपाठीको दाबी थियो ।

फरक प्रसङ्गमा उनले एमसिसीका कतिपय कुरा राम्रा रहेका र कतिपय कुरा परिमार्जन गरेर जानुपर्ने भएकाले वृहत् छलफल गरी अगाडि बढाउनुपर्ने सुझाव दिए । उनले देउवा नेतृत्वको सरकारमा एमालेका माधवकुमार नेपाल पक्ष गयो भने पार्टीले कारबाही गर्ने अधिकारी नरहेको पनि तर्क दिए ।

**विपी उद्यानमा पक्की संरचना निर्माण गर्न निषेधाज्ञा जारी**

विपी उद्यानको जग्गा सम्बन्धमा पनि वरिष्ठ अधिवक्ता त्रिपाठीले बहस गरेका थिए । उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजले वीरगंजको विपी उद्यानको जग्गामा वीरगंज महानगरले कुनै पनि किसिमले पक्की संरचना निर्माण गर्न नमिल्ने गरी निषेधाज्ञा जारी गरेको छ । वीरगंजका धीरज गुप्ताले दिएको रिटमा रिट निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता त्रिपाठीले बहस गरेका थिए ।

उनले विपी उद्यान खरीद गर्ने बेलामा उद्यानबाहेक अन्य कुनै काम नगर्ने स्पष्ट उल्लेख भएको बताउँदै विपी उद्यान वीरगंजको लागि अक्सिजन सिलिन्डर हुन सक्ने बताए । जनताको स्वस्थ वातावरणमा बाँच्न पाउनुपर्ने आधारभूत अधिकारभित्र पर्ने भएकोले भीडभाडयुक्त वीरगंज शहरमा १० बिघामा बगैंचाको परिकल्पना गरी अक्सिजन सिलिन्डरको रूपमा उक्त उद्यानलाई उपयोग गर्न सकिने उनको तर्क छ ।

प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मीको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण रितेश त्रिपाठीले गरेका थिए ।

# सैलुन सञ्चालक गोली प्रहारबाट घाइते

प्रस, सिम्रौनगढ, ३० साउन/

बाराको सिम्रौनगढनजीक सीमावर्ती भारतको घोडासहनको रजवाडा चोकमा शनिवार सैलुन सञ्चालकलाई अज्ञात व्यक्तिले गोली हानी गम्भीर घाइते बनाएको छ ।

घाइते हुनेमा रजवाडा चोकका सैलुन सञ्चालक नरेश ठाकुर रहेका छन् । आज दुई बजे अज्ञात व्यक्ति गोली हानी फरार भएका थिए ।

गोली ठाकुरको मुखको छेउमा लागेको घोडासहनका राहुल कुमारले बताएका छन् । ठाकुरलाई उपचारको लागि मोतीहारी लगिएको छ ।

घोडासहन प्रहरीले गोली हान्ने व्यक्तिको पहिचान भइसकेको र सम्भावित ठाउँमा छापामारी भइरहेको जनाएको छ ।

# अविरल वर्षाले अगहनी धानबालीमा क्षति

प्रस, पर्सागढी, ३० साउन/

पर्सागढीमा लगाइएको अगहनी धानको बालीलाई अहिले परेको पानीले क्षति पुऱ्याएको छ ।



तस्वीरः प्रतीक

नगरपालिकामा रोपिएको अगहनी धानमध्ये साढे ९ प्रतिशत धानबालीलाई वर्षाले क्षति पुऱ्याएको किसानहरूले बताएका छन् ।

सुनाखरी सहकारी संस्था पर्सागढीका सचिव दिपेश नेपालले नगरपालिकामा ४ हजार २८ दशमलव ३७ हेक्टरमा अगहनी धान रोपिएकोमा डेढ प्रतिशत गएको बाढीले गलेको, तीन प्रतिशत डुबानमा पर्दा गलेको र पाँच प्रतिशत बीउ नै नउम्रेर क्षति पुगेको समेत गरी साढे नौ प्रतिशत अगहनी धानबालीमा क्षति पुगेको बताए ।

नगरपालिकाको खेतीयोग्य जमीनमध्ये ३० प्रतिशतमा हल्दीनाथ, ५० प्रतिशतमा सोना मन्सुली र पाँच प्रतिशतमा अन्य प्रजाति गरी ८५ प्रतिशत खेतीयोग्य जमीनमा धान रोपिएको छ ।


JAGDAMBA STEEL
देशको मेरुदण्ड

WARM WISHES
FROM
JAGADAMBA STEEL PVT. LTD
ON THE OCCASION OF
India's 75th
Independence Day

*We extend our heartiest Felicitation to the people of India and the Friends working in the office of Consulate General of India, Birgunj on their 75th Independece Day.*

Prateek Daily

SURYA NEPAL

WARM WISHES
FROM
SURYA NEPAL P. LTD.
ON THE OCCASION OF
India's 75th
Independence Day

## विचारसार र सूक्तिहरू

**लगातार पवित्र विचार गरिरहौं । नराम्रो संस्कारलाई दबाउन एकमात्र साधन यही हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# पारस्परिक सहयोगको आवश्यकता

कति मानिस के भन्छन् भने मलाई कसैको सहायताको आवश्यकता छैन, मलाई कसैको परामर्श चाहिंदैन, मसँग दिमाग छ, हातमा शक्ति छ, म आफ्नो हुन सक्दैन । स्वयम् आफ्नै क्षेत्रमा विकास–उन्नतिका लागि मानिसलाई सहयोग–परामर्शको आवश्यकता पर्दछ । एउटा विचारधाराको छेउ समातेर अन्य

**व्यक्ति र समाज दुवैको कल्याण के कुरामा निर्भर छ भने मानिसहरू व्यक्तिवादको सङ्कीर्णता छाडेर समूहगत लाभलाई नै आफ्नो वास्तविक लाभ ठानून् । एकजना व्यक्तिले समाजलाई हानि पुऱ्याएर आफ्नो लागि केही लाभ अर्जित नै गरिहाल्दछ भने त्यो धेरै दिन स्थायी रहन सक्दैन । तर यदि समाज समर्थ, सशक्त, समृद्ध भयो भने त्यसको लाभ प्रत्येक नागरिकलाई, प्रत्येक व्यक्तिलाई प्राप्त हुन्छ । यस तथ्यलाई हामी जति छिटो बुझ्न सकेर सामूहिक भावनाको विकास गर्न सक्छौं, त्यति नै राम्रो ।**

सबै काम आफैं गर्न समर्थ छु । यसरी धक्कू लगाउने धेरै मानिस देख्न सकिन्छ, जो आफूलाई सर्वगुण सम्पन्न ठान्दछन् । त्यसो त स्वावलम्बी, आत्मविश्वासी, साहसी हुनु एउटा अनिवार्य गुण हो, तर सही सुझबुझ र विवेकको अभावमा गुण पनि भयङ्कर दोष बन्न सक्दछ, जसले मानिसलाई पतन र विनाशको खाडलमा जाकिदिन्छ । अनाडी र अविवेकी चालकले दामी गाडीलाई पनि दुर्घटनामा पारेर अथवा कहीं ठक्कर दिएर चकनाचुर बनाइदिन्छ । अरूको परामर्श, अनुभवबाट लाभ नलिएर आफ्नो बुद्धिलाई नै सबैभन्दा बढी ठान्नेहरू, ती अनाडी व्यक्तिहरूमध्ये हुन्, जसले आफ्नो मूर्खतारूपी बन्चरो आफ्नो भविष्यरूपी खुट्टामा हान्दछन् ।

इँटामाथि इँटा थपेर नै विशाल भवन निर्माण हुन्छ । थोपा–थोपा मिलेर नै नदी, तलाउ र सागर बन्दछ । पानीको प्रत्येक थोपाले आफ्नो अस्तित्व छुट्टै राख्यो भने उसको हबिगत के हुन्छ सहजै अनुमान लगाउन सकिन्छ । माटोको एउटा कणलाई, सूर्यको क्षीणकाय प्रकाशले नै सुकाइदिन्छ, हावाको एउटा सानो वेगले त्यसलाई छिन्नभिन्न पारिदिन्छ । थुप्रै व्यक्तिको परस्पर सहयोगले नै एकअर्काको उन्नति एवं विकास सम्भव छ र यसैमा समाज, राष्ट्रको समृद्धि निर्भर गर्दछ । किनकि हामीले प्रतिदिन के देख्ने गरेका छौं भने प्रत्येक निर्माण कार्यमा अनेक मजदूरहरूको रगत–पसिनाको योगदान हुन्छ ।

प्रत्येक मानिसको आफ्नो एउटा सीमा हुन्छ । डाक्टर चिकित्सा क्षेत्रमा विज्ञ हुन्छ भने एउटा कलाकार आफ्नो कलामा, राजनीतिमा राजनेता, भने साहित्यमा साहित्यकार । कुनै पनि व्यक्ति सर्वज्ञ हुँदैन । प्रत्येक व्यक्ति आफ्नो समाजमा एकअर्काभन्दा तल छ, अरूभन्दा अयोग्य छ । कलाकारको सामुन्ने डाक्टर अयोग्य छ भने डाक्टरको अगाडि इन्जिनीयर, साहित्यकारको अगाडि व्यापारीलाई तत्सम्बन्धमा कुनै ज्ञान हुँदैन । यस प्रकार एक क्षेत्रमा पूर्ण भएर पनि मानिस अन्य क्षेत्रमा अपूर्ण–अयोग्य नै छ । अतः आफ्नो अपूरो अङ्गको पूर्ति अरूको परामर्श–सहयोगविना अनेक विचारधाराको ज्ञान हासिल गर्नुपर्छ ।

सहयोगबाट नै विकास सम्भव छ । एउटा पीढीले उपार्जन गरेको ज्ञान–अनुभव, सफलताहरूको जानकारीबाट लाभ उठाएर अर्को पीढीले अनुसन्धान गर्दै त्यसलाई परिमार्जन गर्दै नयाँ तथ्यको खोजी गर्दछ ।

समन्वय, सहयोग, समाजमा सँगै पाइला चालेर नै एकअर्काको उन्नति एवं विकास सम्भव हुन्छ । जसले जीवनमा यस तथ्यलाई स्वीकार गर्दैन, आफ्नो हठ र अनाडीपनलाई नै महत्त्व दिन्छ, त्यसको दुर्गति निश्चित छ । यो बौद्धिक दिवालियापन हो र यही रोगले पछि गएर देश र समाज दुवैलाई नष्ट–भ्रष्ट पारिदिन्छ । जातिभेद, वर्णभेद, लिङ्गभेद, विभिन्न दल, साम्प्रदायिकता, भाषा, भेदभावको रूपमा हुने सङ्घर्ष, व्यक्ति–व्यक्तिमा हुने तानातानी आदि विसङ्गतिहरू यसै बौद्धिक दिवालियापनको निशानी हो । यसरी प्रत्येक व्यक्ति अरूको सहयोग पाउनबाट वञ्चित हुन्छ भने पारस्परिक सहयोग, सम्झौता, समन्वयबाट असम्भव कामलाई पनि सम्भव बनाउन सकिन्छ र यसको अभावमा हामी परस्पर जुधेर नष्ट हुन सक्दछौं ।

पारस्परिक सहयोगको मानव जीवनमा अत्यधिक महत्त्व मानिन्छ । हामीले अरूको सहयोगबाट लाभ उठाउन सक्नुपर्छ र आफ्ना क्षमताहरूलाई अरूको काम लाग्ने किसिमले प्रयोग गर्ने उदार बुद्धि अपनाउनुपर्छ । एकाकीपन र स्वार्थपरता तुच्छताको चिह्न हो । यो मानसिक सङ्कीर्णता, भीरुता र घृणाको अभिव्यक्ति मात्र हो ।

व्यक्ति र समाज दुवैको कल्याण के कुरामा निर्भर छ भने मानिसहरू व्यक्तिवादको सङ्कीर्णता छाडेर समूहगत लाभलाई नै आफ्नो वास्तविक लाभ ठानून् । एकजना व्यक्तिले समाजलाई हानि पुऱ्याएर आफ्नो लागि केही लाभ अर्जित नै गरिहाल्दछ भने त्यो धेरै दिन स्थायी रहन सक्दैन । तर यदि समाज समर्थ, सशक्त, समृद्ध भयो भने त्यसको लाभ प्रत्येक नागरिकलाई, प्रत्येक व्यक्तिलाई प्राप्त हुन्छ । यस तथ्यलाई हामी जति छिटो बुझ्न सकेर सामूहिक भावनाको विकास गर्न सक्छौं, त्यति नै राम्रो ।

# सार्थक सुधार कि कर्मकाण्ड ?

अविकास, अभाव, भ्रष्टाचारले गिजोलिएको अर्थ–सामाजिक दैनिकी जति चुनौती हो, असल नियत भएको नेतृत्वका लागि त्यति नै अवसर पनि हो । अहिले शेरबहादुर देउवा नेतृत्वको सरकारले धेरै काम केही गर्नुपर्दैन, केपी ओली नेतृत्वको अघिल्लो सरकारले बढाएका बेथितिहरूलाई ठीक ठाउँ ल्याए मात्रै पनि पुग्छ भन्ने विषय यसअघिको आलेखमा थियो । तर सरकारका पछिल्ला केही नीति र निर्णय हेर्दा सुधारको नाममा सस्तो लोकप्रियतालाई मात्रै पछ्याएको भान हुन थालेको छ । ओलीका निर्णय उल्ट्याउनुलाई मात्रै देउवा सरकारले आफ्नो सफलताको कसी बनाउन खोजेको हो भने त्यो पूर्ण बुझाइ होइन ।

ऊर्जा मन्त्रालयले हालै गरेका निर्णय र नीतिगत प्रयासले यसको भान हुन थालेको छ । गरीब तथा विपन्न परिवारलाई विद्युत्मा सहुलियत राम्रो कुरा हो । तर महीनामा २० युनिटसम्म खपतको थ्रेस होल्डले सबै विपन्न परिवारलाई समेट्न सक्छ त ? सरकारले यो विषयमा वस्तुनिष्ठ मन्थन गरेन । महीनामा २० युनिट खपत भनेको सामान्य बल्ब बाल्नेसम्मको खपत हो ।

तराई र पश्चिम पहाडी जिल्लामा गरीबहरूको बसोबास बढी छ । तराई क्षेत्र जहाँ देशको आधा जनसङ्ख्या बसोबास गर्दछ । त्यहाँको सामाजिक दैनिकी तुलनात्मकरूपमा निकै पिछडिएको विभिन्न अध्ययनले देखाएका छन् । त्यसमा पनि दुई नम्बर प्रदेशको विकास सूचकाङ्क दयनीय छ । तराई क्षेत्र अधिक गर्मी हुने क्षेत्र हो । एउटा गरीबको घरमा कम्तीमा एउटा पङ्खा र बत्ती बाल्दा पनि महीनामा कम्तीमा १०० युनिट विद्युत् खपत हुन्छ । गरीबले किन पङ्खा चलाउनुपऱ्यो भन्ने मानसिकता राख्ने हो भने त कुरा बेग्लै भयो, होइन भने यस्तोमा २० युनिटसम्मको छुट नीतिले सम्बोधन गर्दैन ।

काठमाडौं उपत्यकाजस्तो ठाउँमा बत्ती मात्र बालेर काम चलाउँदा भने हुन सक्छ । तर तराई–मधेस क्षेत्रमा त्यो सम्भव छैन । ऊर्जामन्त्रीको घोषणा हेर्दा काठमाडौं मात्र नेपाल हो भन्ने मानसिकताबाट बाहिर निस्किन नसकेको देखिन्छ । काठमाडौं खाल्डोको जनजीविकालाई आधार बनाएर लिइएका नीतिले यथार्थलाई सम्बोधन गर्न सक्दैन ।

नेपालमा कम्तीमा ४० हजार



समयान्तर
ओमप्रकाश खनाल
omkhanal@gmail.com

**कुलमानको ठाउँमा 'फूलमान' आए पनि संस्थागत कामकारबाहीमा फरक नपर्ने दक्षता प्राधिकरणमा हुनुपर्दछ । यदि छ पनि भने त्यो कुलमानको वाहवाहीका अगाडि दबिएर जानु भनेको प्राधिकरण संस्थागतभन्दा पनि व्यक्तिमुखी बन्दै गएको प्रमाण हो ।**

मेगावाट विद्युत् उत्पादन गर्न सकिने अध्ययनहरूले देखाएका छन् । अब अहिले नै खपत नबढाउने हो भने बर्खामा विद्युत् खेर जाने अवस्था छ । एक समय थियो, भारतलगायतका देशमा विद्युत् बेचेर आम्दानी गर्ने योजना सान्दर्भिक पनि लाग्थ्यो । अहिले त्यो सम्भव देखिएको छैन । भारत आफैं विद्युत् उत्पादनको लागत न्यूनीकरणमा लागेको छ । जलविद्युत्लाई छोडेर उनीहरू सौर्य ऊर्जामा जोड लगाइराखेका छन् ।

हामीकहाँ भने उत्पादन लागत घटाउनेतर्फ अहिलेसम्म सोचिएकै छैन । प्रक्रियागत समस्या र भ्रष्टाचारले उत्पादन लागत उच्च छ । यस्तोमा नेपालबाट अन्तर्राष्ट्रिय बजारमा विद्युत् निकासी होला भन्ठान्नु आत्मरति मात्रै हो । हालै नेपालबाट भारतीय बजारमा विद्युत् निकासीको प्रयास मूल्यकै कारण असफल भएको तथ्य स्मरणीय छ । यस्तोमा आन्तरिक बजारमा खपत बढाउने उपायमा लाग्नुको विकल्प छैन । सरकार यसको रणनीतिमा गम्भीर देखिएको छैन । विद्युत् उत्पादनमा सर्वसाधारणको खर्बौं रुपैयाँ लगानी भएको छ । भोलिका दिनमा उत्पादित विद्युत्ले बजार पाएन भने त्यो लगानी धरापमा पर्न सक्दछ । यसका लागि उत्पादनको लागत घटाउन तत्काल प्रभावकारी कदम चाल्नुपर्दछ ।

केही समयअघि एउटा निजी कम्पनीले प्रतिमेगावाट जलविद्युत् उत्पादनको खर्च १५ करोड रुपैयाँ लाग्ने देखाएको थियो । औसत २५ करोड रुपैयाँसम्म खर्च आएको देखिन्छ । प्रतिमेगावाट १० करोडको लागत अन्तर नै नेपालको बिजुली महँगो हुनुको कारक हो । उत्पादनको अनुमति, लगानी, उत्पादन र खरीद सम्झौतासम्मका प्रक्रियागत विरोधाभास र विचलनहरूको निकास नभई लागत घट्न सक्दैन ।

एउटा परिवारलाई २०० युनिटसम्म विद्युत् महसूलमा अनुदान दिइनुपर्दछ । यसले आन्तरिक खपत बढाउन सकिन्छ । यसबाट प्राधिकरणको आय खुम्चिने चिन्ता पनि सुनिन्छ । तर अहिले पनि १५ प्रतिशत बिजुली चुहावट भइरहेको छ । यो चुहावट रोक्ने र घरायसी प्रयोजनमा विद्युत्को खपत बढाउने हो भने खाना पकाउने ग्यासमा दिएको अनुदानलाई यता समायोजन गर्न सकिन्छ ।

सरकारले विद्युतीय सवारीसाधनको आयातलाई प्रोत्साहन गरेको छ । स्वदेशमा विद्युत्को खपत बढ्नु भनेको बाहिरबाट हुने पेट्रोलियम पदार्थको आयात घट्नु हो । यसबाट व्यापारघाटा न्यूनीकरणमा सुधार हुन्छ । बाह्य इन्धनमा गइरहेको अनुदान बचत हुन्छ । चुहावट नियन्त्रण र आयातित इन्धनमा दिइने अनुदान जोगाउन सकियो भने मात्रै पनि विद्युत् अनुदानबाट हुने आर्थिक दबाब समाधान सजिलै निस्किन्छ ।

उत्पादन लागत घटाएर बिजुली सस्तो बनाउने र एउटा निश्चित परिमाणको उपभोगमा अनुदान दिने हो भने स्वतः खपत बढ्छ । नेपालको कृषि क्षेत्रमा विद्युत्को खपत बढाउन सकिने पर्याप्त ठाउँ छन् । स्वदेशमैं खपत बढेपछि बाहिर बजार खोजिराख्नुपर्ने दबाब पनि कम हुन्छ । निकासी गर्नु नै परेछ भने पनि सस्तो लागतको विद्युत्लाई प्रतिस्पर्धा सहज हुन्छ ।

अहिले नै भारतमा निकासी गर्ने मूल्यमा विद्युत् उपलब्ध गराउन स्वदेशी उद्योगीले माग गरेका छन् । बढी विद्युत् खपत गर्ने डन्डी, सिमेन्टजस्ता उद्योग पछिल्लो समयमा निकै खुलेका छन् । उद्योग खुल्ने क्रम बढेको छ । विद्युत् खपत्को मुख्य क्षेत्र उद्योग नै भएकाले निकासी मूल्यमा यहींका उद्योगलाई विद्युत् दिंदा त्यसले अर्थतन्त्रलाई उचाइ दिन सघाउ नै पुग्छ । औद्योगिक उत्पादनको लागतमा विद्युत्को खर्च २५ प्रतिशत रहेको उद्योगीहरूको अनुमान छ । विद्युत् महसूलमा २५ प्रतिशत कटौती हुने हो भने लागतलाई प्रतिस्पर्धी बनाउन ठूलो योगदान पुग्न सक्छ । यसले स्वदेशी बजारमा बाह्य उत्पादनको अधिपत्य कमजोर मात्र हुँदैन, बाह्य बजारमा प्रतिस्पर्धाको आधार बलियो हुन्छ ।

विद्युत्को बजारीकरणमा एकाधिकार प्राप्त नेपाल विद्युत् प्राधिकरणको संस्थागत दक्षता विस्तार विद्युत् उत्पादन र यसको प्रवर्द्धनमा मुख्य कुरा हो । तर प्राधिकरणको दक्षतालाई संस्थागतभन्दा पनि व्यक्तिमा सीमित गरिएको भान हुन थालेको छ । प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङको पुनर्नियुक्तिले यसको स्पष्ट सङ्केत मिलेको छ । व्यक्तिलाई

(बाँकी तेस्रो पातामा)

# सन्देश



नितेश कुमार
महावाणिज्यदूत

भारतको महावाणिज्य दूतावास, वीरगंजकोतर्फबाट, म भारतको ७५औं स्वतन्त्रता दिवसको शुभ अवसरमा भारतीय समुदायलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । स्वतन्त्रता दिवस अवसर हो, हाम्रो स्वतन्त्रता मनाउन र हाम्रा महान् नेताहरू तथा पुर्खाहरूको बलिदान र स्वतन्त्रता हासिल गर्ने प्रयासहरू याद गर्न जसले स्वतन्त्रता हासिल गरे र सुनिश्चित गरे कि भारत एक बहुवचन, लोकतान्त्रिक र आधुनिक राष्ट्रको रूपमा उभिएको छ ।

कोभिड–१९ ले हाम्रो मनोभाव र उत्साहलाई कम गरेको छैन । वाणिज्य दूतावास सम्पूर्ण समुदायलाई आग्रह गर्दछ कि हाम्रो स्वतन्त्रता दिवसको उत्सवमा डिजिटलरूपमा सामेल हुनुहोस्, जुन हाम्रो फेसबूक पेजको माध्यमबाट १५ अगस्त २०२१ को दिन बिहान ९:०० बजेबाट प्रत्यक्ष प्रसारण गरिनेछ ।

भारतको स्वतन्त्रताको ७५औं वर्ष मनाउन तथा सम्झन प्रधानमन्त्री श्री नरेन्द्र मोदीज्यूले १२ मार्च, २०२१ मा अहमदाबादको साबरमती आश्रमबाट 'पदयात्रा' (Freedom March)को सुरुआत गर्नुभयो र "आजादी का अमृत महोत्सव" (India @ 75) उत्सवको उद्घाटन गर्नुभयो । १५ अगस्त २०२२ को ७५ हप्ताअगाडि 'आजादी का अमृत महोत्सव'को सुरुआत १५ अगस्त २०२३ सम्म जारी रहनेछ । India @ 75 उत्सव अन्तर्गत महावाणिज्य दूतावासद्वारा स्वतन्त्रता दौड, 'योगसँग रहनुहोस्–घरमा हुनुहोस्' विषयमा योग दिवस समारोह, 'प्रकृति'को विषयमा फोटोग्राफी प्रतियोगिता, वीरताको विषयमा कविता प्रतियोगिता र 'रवीन्द्रनाथ टैगोरको प्रासङ्गिकता'को विषयमा निबन्ध प्रतियोगिताको आयोजन गरियो । भारतको महावाणिज्य दूतावास, वीरगंज India @ 75 अन्तर्गत आगामी कार्यक्रमहरूमा हामीसँग सामेल हुन सम्पूर्ण समुदायलाई आग्रह गर्दछौं । अधिक जानकारीको लागि महावाणिज्य दूतावासको वेबसाइट https://www.cgibirgunj.gov.in अवलोकन गर्न सकिन्छ ।

भारतीय महावाणिज्य दूतावास, वीरगंजले आफ्नो क्षेत्राधिकारभित्र रहेका आठ जिल्लामा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास र द्विपक्षीय व्यापार जस्ता कार्यहरूमा स्थापनाकालदेखि नै सहयोग गर्दै आएको छ । भारतीय महावाणिज्य दूतावास, वीरगंजद्वारा छात्रछात्राहरूलाई छात्रवृत्ति, विश्वसनीय संस्थाहरूलाई बस र एम्बुलेन्स प्रदान गरिन्छ, नदीहरूमा तटबन्ध, एकीकृत भन्सार चौकी, रेलवे लिङ्कहरू निर्माण कार्यका साथै द्विपक्षीय व्यापारमा सहजीकरण गर्ने गरिएको छ ।

भारत नेपाललाई महामारीको व्यापक व्यवस्थापनमा सहयोग गर्न प्रतिबद्ध छ, महत्त्वपूर्ण स्वास्थ्य पूर्वाधार क्षेत्रमा सहयोगलगायत । महामारी शुरू भएयता भारतले नेपाललाई ६.५ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहयोग उपलब्ध गराएको छ । नेपालले जनवरी २०२१ मा भारतबाट अनुदानको रूपमा कोभिशिल्ड खोपको १० लाख मात्रा प्राप्त गर्ने पहिलो थियो । यसबाहेक भारतीय सेनाले मार्च २०२१ मा अनुदानको रूपमा नेपाली सेनालाई खोपको एक लाख मात्रा आपूर्ति गरेको थियो । अन्य चिकित्सा आपूर्तिहरूमा BIPAP मेशिन, एन्टिजेन किट, PPE किट, पिसिआर टेस्ट किट, मास्क, एम्बुलेन्स, औषधि, भेन्टिलेटर र १५० आइसियू शय्या सामेल छन् ।

कोभिड–१९ बाट सुरक्षा सुनिश्चित गर्नको लागि एक ऐतिहासिक पहलमा भारत सरकारले २१ अगस्त २०२१ मा भारतमा रहेका विदेशी नागरिकहरूलाई CoWin पोर्टलमा कोभिड–१९ खोप लिनको लागि दर्ता गर्ने अनुमति दिने निर्णय गऱ्यो । उनीहरूले आफ्नो पासपोर्ट परिचय दस्तावेजको रूपमा CoWIN पोर्टलमा दर्ता प्रयोजनको लागि प्रयोग गर्न सक्छन् । एकपटक यस पोर्टलमा दर्ता भएपछि उहाँहरूलाई खोप पाउनको लागि एक स्लट पाइनेछ ।

२२ अप्रिल २०२१ मा काठमाडौंस्थित भारतीय दूतावासले ३९ वटा एम्बुलेन्स र ६ वटा स्कूल बस विभिन्न सरकारी र गैरसरकारी स्वास्थ्य र शिक्षाको क्षेत्रमा विनामुनाफा काम गर्ने संस्थाहरूलाई उपहारस्वरूप प्रदान गऱ्यो । विगतमा झैं वर्ष २०२१–२२ मा पनि नेपाली छात्रछात्राहरू General Scholarship Scheme, Silver Jubilee Scholarship Scheme, Mahatma Gandhi Scholarship Scheme, Golden Jubilee Scholarship Scheme तथा AYUSH Scholarship Scheme का लाभार्थी भए ।

भारत सरकारले एक वैश्विक प्रवासी रिश्ता पोर्टल https://pravasirishta.gov.in/home भारतीय डायस्पोरा र विदेशस्थित भारतीय मिशनहरू र पोस्टहरूबीच नेटवर्क स्थापित गर्ने उद्देश्यका साथ शुरू गरेको छ । पोर्टलले वर्तमान र नयाँ सरकारी योजनाहरूलाई डायस्पोराको लाभको लागि र महत्त्वपूर्ण नीतिगत मुद्दाहरूमा डायस्पोराको राय सङ्कलनको लागि नवीनतम जानकारी प्रदान गर्दछ । भारतीय महावाणिज्य दूतावास, वीरगंज, भारतीय समुदायका साथै नेपाली नागरिकहरूलाई विभिन्न कन्सुलर सेवाहरू प्रदान गर्न प्रतिबद्ध छ ।

हाम्रो वेबसाइट https://www.cgibirgunj.gov.in/page/consular/ बाट अधिक जानकारी प्राप्त गर्न भ्रमण गर्न सकिन्छ ।

नेपाल सरकारको पूर्वाधार विकास प्रयासमा टेवा पुग्ने परियोजनाहरूमा सहभागी हुन पाउँदा भारत सरकार हर्षित छ । आफ्नो "Neighborhood First" नीतिको रूपमा भारत, नेपालसँगको सम्बन्धलाई अत्यन्त महत्त्वपूर्ण ठान्दछ र "समृद्ध नेपाल, सुखी नेपाली"को आकाङ्क्षालाई पूरा गर्न नेपाली जनतालाई सहयोग पुऱ्याउनेछ ।

जय हिन्द !

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# अमेरिकी सैन्य टोली आयो अफगानिस्तान

काबुल, ३० साउन/एएनआई

तालिबान लडाकूले अफगानिस्तानका प्रान्तीय राजधानी कब्जा गर्न थालेपछि अमेरिकाको पहिलो सैन्य टोली अफगानिस्तान आइपुगेको छ ।

केन्द्रीय राजधानी काबुलमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएका अमेरिकी सैनिक अफगानिस्तानमा रहेका अमेरिकी नागरिकलाई उद्धार गर्न आएका हुन् ।

उनीहरूले अफगानिस्तानस्थित अमेरिकी कूटनीतिज्ञ, कर्मचारीलगायतका अमेरिकी नागरिकलाई स्वदेश फर्काउने भएका छन् ।

अफगानिस्तानमा सङ्घर्षरत तालिबान लडाकू समूहले अहिलेसम्म अफगानिस्तानका आधाभन्दा बढी प्रान्तीय राजधानी आफ्नो नियन्त्रणमा रहेको दाबी गरेको छ ।

देशभरि रहेका ३४ प्रान्तमध्ये १८ प्रान्तका राजधानी तालिबान लडाकूको नियन्त्रणमा रहेको उनीहरूले घोषणा गरेका छन् ।

अफगानिस्तानमा रहेका अमेरिकी सैनिक फिर्ता भएसँगै तालिबान लडाकूले राजधानी नै नियन्त्रणमा लिने अभियान शुरू गरेका हुन् । राजधानी कब्जा गर्ने अभियानमा उनीहरू निकै सफल देखिएका छन् ।


विदेशी सैनिक फिर्ता भएको दुई हप्ता मात्रै भएको छ भने लडाकूहरूले एक हप्तादेखि प्रान्तीय राजधानी नियन्त्रणमा लिने अभियान चलाइरहेका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि शुक्रवार अफगानिस्तानका एक मन्त्रीसँग कुराकानी गर्दै देशको अवस्थाका बारेमा चासो र चिन्ता व्यक्त गरेका थिए । उनीहरूको छलफलकै आधारमा शनिवार अमेरिकी सैनिक अफगानिस्तान आएको बताइएको छ ।

### अफगान राष्ट्रपतिद्वारा देशमा अस्थिरता रोक्ने अठोट

अफगानिस्तानका राष्ट्रपति मोहम्मद असरफ घानीले देशमा अहिले तालिबान समूहले गतिविधि तीव्र पारेको भएपनि यसलाई छिट्टै रोकिने बताएका छन् ।

अफगानिस्तानको आधाभन्दा बढी प्रान्तका राजधानी तालिबान समूहले नियन्त्रणमा लिएको भनी समाचार आइरहेका समय उनले द्वन्द्वग्रस्त आफ्नो मुलुकमा राजनीतिक अस्थिरता रोक्ने प्रतिबद्धता व्यक्त गरे ।


राष्ट्रपति मोहम्मद असरफ घानी

“अफगानिस्तानको सुरक्षा फौजले देशको रक्षा गरेको र सेनाबीच सद्भाव सुनिश्चित गर्नु मेरो प्राथमिकता हुनेछ,” घानीले राष्ट्रका नाममा गरेको आफ्नो छोटो टेलिभिजन सम्बोधनमा भने ।

उक्त सम्बोधनमा उनले अफगानिस्तानमा थप अस्थिरता हुन नदिने बताए । उनले भने, “अफगानिस्तानीहरूले युद्धका कारण दुःख पाइरहेका छन् र अफगानिस्तानका जनताको थप कष्ट रोक्न म तपाईहरूलाई विश्वास दिलाउँछु र यो मेरो ऐतिहासिक जिम्मेवारी हो ।”

राष्ट्रपति घानीले अफगानिस्तानका जनता, राजनीतिक दल तथा तिनका नेता र अन्तर्राष्ट्रिय मित्रहरूसँग परामर्श शुरु गरेको र परिणाम चाँडै आउने पनि बताए । तालिबान विद्रोहीहरूले देशका ३४ प्रान्तका १९ वटा प्रान्तीय राजधानी कब्जामा लिएको दाबी गरिरहेका समय राष्ट्रपतिको यो भनाइ आएको हो ।




## आजको राशिफल

| | |
|---|---|
| मेष: व्यापारवृद्धि | वृष: कडाश्रम |
| मिथुन: सुसमाचार | कर्कट: भयचिन्ता |
| सिंह: मित्रमिलन | कन्या: अतिथिआगमन |
| तुला: सुयश | वृश्चिक: खर्चवृद्धि |
| धनु: मनोरञ्जन | मकर: सफलता |
| कुम्भ: राज्यलाभ | मीन: रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## सार्थक सुधार....

देवत्वकरण गरेर संस्थागत क्षमता सङ्कुचित बनाइनु लोकप्रियताका लागि ठीकै होला, तर यसको दीर्घकालीन परिणाम पक्कै सुखद हुँदैन । कुलमानले अघिल्लो कार्यकालमा उदाहरणीय काम गरेकोमा द्विविधा छैन । उनले देखाएको दक्षता व्यक्तिमै किन सीमित भयो । त्यो क्षमता त संस्थागत हुनुपर्ने हो ।

कुलमानको ठाउँमा ‘फूलमान’ आए पनि संस्थागत कामकारबाहीमा फरक नपर्ने दक्षता प्राधिकरणमा हुनुपर्दछ । यदि छ पनि भने त्यो कुलमानको वाहवाहीका अगाडि दबिएर जानु भनेको प्राधिकरण संस्थागतभन्दा पनि व्यक्तिमुखी बन्दै गएको प्रमाण हो । कुनै पनि प्रतिष्ठानभन्दा व्यक्तिलाई बलियो ठान्ने परिपाटी संस्थागत दक्षताका गम्भीर प्रश्न हो । कार्यकाल पूरा गरेर गएका कुलमानलाई किन फर्काएर ल्याउनुप्यो ? के प्राधिकरणले अब कुलमान जस्ता कर्मचारी उत्पादन गर्नै सक्दैन ? अब अर्को नेतृत्वले प्राधिकरण अघि बढाउन नसक्ने नै भएको हो ? कुलमान भएनन् भने फेरि अँध्यारो युगको सुरुआत हुने हो ? यस्तो हुँदैन ।

कुलमान आफ्नो जिम्मेवारीमा इमानदारी देखिए, उनको दक्षता जनताले देख्नुको पछाडिको कारण यति हो । कुलमानपछि प्राधिकरणमा आउने जोकोहीका लागि यो दबाबको विषय बनिसकेको छ कि, प्राधिकरणलाई कुलमानले छोडेकोभन्दा राम्रो बनाउनुपर्दछ । जनताले कुलमानको कार्यकाल लम्ब्याइयोस् भन्ने चाहना राख्नुको पछाडि उनको नेतृत्वमा असम्भव ठानिएको लोडसेडिङ अन्त्य नै मुख्य कारण हो । कुलमानको त्यो नेतृत्व दक्षता त प्राधिकरणको संस्थागत क्षमताको रूपमा स्थापित हुनुपर्ने हो । सरकारले आफूलाई लोकप्रिय बनाउन कुलमानलाई प्राधिकरणमा ल्याएको हुन सक्दछ । तर कुलमान नभई प्राधिकरण नै चल्दैन भने जसरी बारम्बार उनलाई ल्याउनु भनेको प्राधिकरणको संस्थागत नेतृत्वको विकासमा लगाम पनि हो । एक व्यक्तिमाथिको अतिनिर्भरता संस्थागत क्षमता विस्तारको अवरोध बन्न सक्दछ भन्ने सोच आवश्यक ठानिएकै छैन ।

# नेपाल-भारत मैत्रीको प्रतीक १५ अगस्त

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देशलाई एकअर्कासित आन्तरिकरूपमा बाँधेको छ कि दुवै देश पृथक भएर पनि अभिन्न छन् । नेपालसित भारतको सम्बन्ध त्यति नै प्राचीन छ, जति प्राचीन यसको सांस्कृतिक चेतना छ । नेपाल र भारत एउटै सांस्कृतिक चेतनाका संवाहक हुन् ।**

१५ अगस्तको दिनलाई भारतीयहरूले स्वतन्त्रता दिवसको रूपमा मनाउने गर्दछन् तर यो दिन नेपाल र भारत दुवैको निम्ति समानरूपले उल्लास एवं सम्मानको दिन हो । भारतको स्वतन्त्रता आन्दोलनको सफलतापश्चात् मात्रै नेपालमा राणाविरोधी आन्दोलनले ऊर्जा प्राप्त गरेको थियो । नेपालमा प्रजातन्त्रको स्थापनाका निम्ति भारतको सहयोग, सद्भाव र समर्थन बिर्सिनसक्नु छ । नेपाल र भारत परम्परागत छिमेकी राष्ट्र हुन् । दुई देशका जनताबीचको सम्बन्ध दुवै देशको इतिहासभन्दा पनि पुरानो छ । खुला सिमाना, धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक सम्बन्धले हामीबीचको मित्रतालाई अझ बढी प्रगाढ बनाएको छ । यी दुई देशका बहुआयामिक सम्बन्धका केही पक्षलाई विश्लेषण यसरी पनि गर्न सकिन्छ ।

**राजनीतिक-** विसं १९६२ मा राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरले माधवराज जोशीका मित्र भारतका पञ्जाबी मास्टर गुरुदयाल बिएलाई भदौ महीनामा काठमाडौंको डाँडा कटाउँदा नेपालमा प्रजातन्त्र स्थापनार्थ शहीद हुने पहिलो भारतीय थिए । माधवराज जोशी नेपालका पहिलो शहीद शुक्रराज शास्त्रीका बुबा थिए । विसं १९९० माघ १० गतेका दिन पचली भैरवमा शहीद भएका शुक्रराज शास्त्री पनि महात्मा गाँधी, पण्डित जवाहरलाल नेहरू र नेताजी सुभाषचन्द्र बोसबाट प्रभावित थिए ।

२६ जनवरी १९४७ मा कोलकाताको खालसा कलेजमा नेपाली काङ्ग्रेस (तत्कालीन अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस)को स्थापना भएको थियो । यसको घोषणापत्रमा भारत र नेपालको स्वतन्त्रताको लागि समानरूपमा लड्ने प्रतिबद्धता यस पार्टीका नेताहरूले व्यक्त गरेका थिए । सन् १८५७ को सिपाही विद्रोहलाई कुल्चिन राणा प्रधानमन्त्री जङ्गबहादुरले अङ्ग्रेज शासकलाई गोर्खाली फौज पठाएर ब्रिटिश शासकलाई सहयोग गरेका थिए, जबकि नेपालको जनता भने भारतको जनता र विद्रोही आन्दोलनकारीहरूको पक्षमा थिए । भारतको स्वाधीनता आन्दोलनमा शान्तिप्रिय नेपाली जनता महात्मा गाँधीको अपीलमा अहिंसक आन्दोलनमा सहयोग गरिरहेका थिए भने नेपालका कतिपय युवाहरू नेताजी सुभाषचन्द्र बोसको नेतृत्वमा आन्दोलनमा सामेल थिए । नेताजी सुभाषचन्द्र बोसका सहायक पञ्जाब भाक्सुमा जन्मेका मेजर पूर्ण सिंहले नै २००७ सालमा नेपालको जनमुक्ति सेनाको कमान सम्हालेका थिए । विपी कोइराला स्वयंले आफ्नो पहिलो कविता इसं. १९३० मा हिन्दी भाषामा मुम्बईमा लेखेका थिए, जसको शीर्षक थियो, ‘स्वतन्त्र भारतकी जय’ । नेपाल कम्युनिस्ट पार्टीको जन्म पनि भारतमै भएको थियो । बनारसमा जन्मेका विपी कोइराला, रामनगरमा जन्मेका कृष्णप्रसाद भट्टराई र सहरसामा जन्मेका गिरिजाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री भए । नेपालमा राणाविरोधी आन्दोलनमा सप्तरीको कुशहाघाटमा शहादत दिने डा कुलदीप पनि भारतीय नै थिए । जनआन्दोलन-२ मा बिहार सीतामढीका मोहम्मद जहाँगिरले बलिदान काठमाडौंमा शहादत दिएका थिए ।

भारतको स्वाधीनता आन्दोलनताका भारतका आन्दोलनकारीहरू अङ्ग्रेजहरूको व्यापक दमन, अत्याचार एवं गिरफ्तारीबाट बच्न सीमावर्ती नेपालको तराई क्षेत्रमा लुकेर बस्दथे । सप्तरीको हनुमानगर जेलमा वरिष्ठ भारतीय नेताहरूलाई पनि पक्राउ गरेर राखिएको थियो । स्थानीय जनताले जेल फुटाइ तिनलाई मुक्त गराएका थिए । पश्चिमी तराईमा अवध नवाबका महारानी बेगम हजरत महल पनि अङ्ग्रेजको आतङ्कबाट बच्न महीनौं कपिलवस्तुमा समय बिताएकी थिइन् । स्व विपी कोइराला र मनमोहन अधिकारी त भारतको स्वाधीनता आन्दोलनमा पक्राउ पनि परेका थिए । बिहारको राजधानी पटनामा स्व विपी कोइरालाको स्मारक हुनु यसैको सङ्केत हो । नेपाली काङ्ग्रेसले राणाशासनको विरोधमा सशस्त्र सङ्घर्षको उद्घोष पनि रौतहटको सीमावर्ती भारतीय बजार बैरगनिया सम्मेलनबाट गरेको थियो ।

जहानियाँ राणा शासनको अन्त्यको निम्ति तत्कालीन राजा त्रिभुवनले काठमाडौंस्थित भारतीय राजदूतावासमा शरण लिएका थिए र विशेष वायुयानमार्फत नयाँ दिल्ली पुगेका थिए । भारतका तत्कालीन प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूको पहलमा राणा, नेपाली काङ्ग्रेस र राजा त्रिभुवनबीच सम्झौता भई नेपालमा प्रजातन्त्र स्थापना भएको हो ।

भारत स्वतन्त्र भएपछि मात्रै नेपाल र भारतबीच स्वतन्त्र र सार्वभौम दौत्य सम्बन्ध स्थापित भयो र प्रथमपटक भारतका सुरजित सिंह मजिठिया भारतको राजदूतको रूपमा नेपाल आए । जबकि नेपालको तर्फबाट सम्भवतः सिंह शम्शेर राणा भारतका लागि नेपालका राजदूत नियुक्त भए । सन् १९५० को ३१ जुलाईमा नेपाल र भारतबीच भएको शान्ति र मैत्री सन्धिमा सर्वप्रथम दुवै देशलाई समानरूपको स्वतन्त्र, अखण्ड र पूर्ण सार्वभौमसत्ता सम्पन्न देशको दर्जा दिइयो ।

विसं २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले संसदीय बहुदलीय व्यवस्थालाई अन्त्य गरी देशमा निर्दलीय शासन लागू गर्दा र नेपालको प्रजातन्त्रवादीहरूलाई जेलमा राख्दा सर्वप्रथम भारतले नै त्यसको विरोध गरेको थियो । नेपालका प्रजातन्त्रवादीहरू पुनः भारतमै निर्वासनमा रहन बाध्य भए । डेढदेखि दुई दशकसम्म नेपाली नेताहरूले भारतमा निर्वासनमा बस्नुप्यो । विसं २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा पनि भारतका तत्कालीन नेताहरू चन्द्रशेखर, सुब्रमण्यम स्वामी, एमजे अकबर, एम फारुकी र हरकिसन सिंह सुरजितहरू काठमाडौं आएर राजतन्त्रविरोधी सम्बोधनमार्फत नेपालका प्रजातन्त्रवादीहरूलाई आन्दोलनको निम्ति उत्प्रेरित मात्रै गरेनन् अपितु आन्दोलनमा भारतको पूर्ण सहयोगको वाचा पनि गरे । आन्दोलन सफल पनि रह्यो । फेरि विसं २०५९ सालमा राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिंदा भारतले माओवादी र संसदवादी सात दललाई एउटै थलोमा ल्याइ नयाँ दिल्लीमा १२ बुँदे सम्झौता गराइ आन्दोलनको निम्ति उत्प्रेरित गऱ्यो र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो ।

**सामाजिक एवं सांस्कृतिक सम्बन्ध-** नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधिभित्र बाँध्न सक्दैनौं किनभने वैदिक ज्ञानको अस्तित्वलाई हामी आफूसँगै सुन्दै र बुझ्दै आएका छौं । धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देशलाई एकअर्कासित आन्तरिकरूपमा बाँधेको छ कि दुवै देश पृथक भएर पनि अभिन्न छन् । नेपालसित भारतको सम्बन्ध त्यति नै प्राचीन छ, जति प्राचीन यसको सांस्कृतिक चेतना छ । नेपाल र भारत एउटै सांस्कृतिक चेतनाका संवाहक हुन् । हिमालय हामी दुवैका निम्ति आत्मसाधनको स्थल रहिआएको छ । अनन्तकालदेखि नै हिमालयका महान् शिखरहरूले हामीलाई आध्यात्मिक शान्ति प्रदान गर्दै आएको छ ।

राजनीतिकरूपले नेपाल-भारत दुई पृथक सार्वभौमसत्ता सम्पन्न एवं अलग-अलग अस्तित्वका देश हुन् तर सामाजिक, सांस्कृतिक एवं धार्मिकरूपले यी दुई राष्ट्र एकअर्काका निम्ति अभिन्न हुन् । नेपाल-भारत परस्पर आध्यात्मिक, धार्मिक एवं सांस्कृतिकरूपमा अनन्य भावले जोडिएका छन् । चार धाम, पवित्र तीर्थस्थल, देवीदेवता, पूजन पद्धति, कर्मकाण्डीय मान्यता र संस्कार, ऋषिमुनिहरू, चार वेद, अठार पुराण, गीता, महाभारत, रामायण आदि धर्मशास्त्रहरू तथा हाम्रा महान् ऋषिमुनि एवं महापुरुषहरूको महान् वाणी तथा दिव्य उपदेश हाम्रा निम्ति साझा र एउटै हुन् ।

नेपाल र भारतका आर्यहरू एउटै ऋषिका वंशज हुन् । तसर्थ हाम्रा गोत्र पनि एउटै छन् । किरातरूपी भगवान् शिवलाई मान्ने नेपालको पूर्वी पहाड तथा भारतको सिक्किमलगायतका उत्तरी पूर्वी क्षेत्रका आदिवासी, जनजातिबीच पनि सांस्कृतिक समानता रहेको पाइन्छ । दुवै देशका बुद्धमार्गीहरूले भगवान् गौतम बुद्धको स्मरण गर्ने प्रवृत्ति एउटै किसिमको रहेको छ । देवकर्म होस् अथवा पितृकर्म हामीले त्यसको आरम्भ गरी लिने सङ्कल्प तथा सम्पूर्ण पूजन कार्यको शब्द र भाषाहरू एउटै हुने गर्दछन् । नेपाली र हिन्दीको लिपि पनि संस्कृतकै देवनागिरी रहेको छ । तीन देवता ब्रह्मा, विष्णु र महेश, त्यसैगरी तीन शक्तिहरू महाकाली, महालक्ष्मी र महासरस्वतीलाई हामी समानरूपले पूजा गर्दछौं । पशुपक्षी, जड, जङ्गम सबैमा ईश्वरको अंश हेर्ने हाम्रो साझा मान्यता रहिआएको छ । हिमालय, गङ्गा र पवित्र गाईप्रति हाम्रो अटुट मान्यता एवं आस्थाले हाम्रो सम्बन्धलाई झन्-झन् प्रगाढ बनाएको छ ।

त्रेतायुगमा माता जानकी र मर्यादा पुरुषोत्तम रामको विवाह, मिथिला र अयोध्याको सम्बन्ध, द्वापरयुगमा विराट राज्यसित पाण्डवहरूको सम्बन्ध एवं मित्रता तथा भगवान् गौतम बुद्धसमेतको जीवनगाथा नेपाल र भारतको साझा चर्चा नगरी पूर्ण हुन सक्दैनन् । सामाजिक रीतिरिवाज, खानपान, रहनसहन भेषभूषा र बोलचालको भाषा पनि एकै जस्तै रहेको छ । नेपालमा उच्च शिक्षा अध्ययन गर्ने अभाव रहेको बेला भारतको पटनाबाट नेपाली विद्यार्थीहरूले विश्वविद्यालयको शिक्षा ग्रहण गर्दथे । भारतका योग्य गुरुवर्ग, प्रशिक्षक, डाक्टर विज्ञहरूले समय-समयमा आएर नेपालीहरूलाई दीक्षित गरेका छन् । भारतको संविधानमा नेपाली भाषालाई मान्यता दिइएको छ । नेपाली, मैथिली, हिन्दी र भोजपुरीका लेखक, विद्वान् एवं साहित्यकारहरू दुवै देशमा छन् । नेपालको कला, सङ्गित, साहित्य र विज्ञानको क्षेत्रमा समेत सहयोग गर्दै आएको छ । भारतीय सिनेमाजगत्मा नेपालका अनगिनत कलाकारहरूले मानसम्मान पाएका छन् । एउटा नेपाली भारतमा पुग्दा अथवा कुनै भारतीय नेपाल भ्रमणमा आउँदा आफ्नै देशमा रहेको जस्तो अनुभूति हुने गर्दछ । नेपाली भाषा-साहित्य र सङ्गितको उन्नयनमा भारतीय विद्वान् र कलाकारहरूको पनि महत्त्वपूर्ण योगदान रहिआएको छ ।

**आर्थिक-** नेपाल र भारतबीच द्विपक्षीय आर्थिक सम्बन्धको थालनी सन् १९५० को शान्ति तथा मैत्री सम्बन्धदेखि भएको हो । खासगरी त्रिभुवन राजमार्ग, केन्द्रीय टेलिग्राम सेवा, वीर अस्पताल आदि पूर्वाधारहरू आज पनि दुई पक्षीय सम्बन्धका प्रतिकका रूपमा रहेका छन् । केही वर्षअघि मात्रै उद्घाटन गरिएको काठमाडौंको राष्ट्रिय ट्रमा सेन्टरको निर्माण पनि भारतकै आर्थिक सहयोगबाट भएको हो ।

भारतले नेपालका विभिन्न क्षेत्रमा गरेको सहयोगमा सडकतर्फ पूर्व-पश्चिम महेन्द्र राजमार्ग, त्रिभुवन राजपथ, सुनौली-पोखरा राजमार्ग तथा काठमाडौं-दक्षिणकाली, काठमाडौं-बालाजु, काठमाडौं-त्रिशुली, काठमाडौं-गोदावरी मार्ग हुन् । भारत सरकारको आर्थिक सहयोगमा डेढ हजार किलोमिटर लामो हुलाकी सडकको निर्माण कार्य जारी छ भने तराईका अधिकांश जिल्ला सदरमुकामहरूलाई पूर्व-पश्चिम राजमार्गसित जोड्ने सडकको निर्माण पनि भारत सरकारकै सहयोगमा भएको छ, भइरहेको छ । जलविद्युततर्फ देवीघाट, गण्डक, त्रिशुली, टनकपुरलाई लिन सकिन्छ भने माथिल्लो कर्णाली तथा अरुण तेस्रो जलविद्युत् परियोजनाको निर्माण कार्य पनि भारत सरकारकै सहयोगमा हुने भएको छ । दुवै परियोजना ९/९ सय मेगावाटका हुन् । भारतबाट बिजुलीको आयात भइरहेका कारण विगत केही वर्षदेखि लोडसेडिङ बन्द छ । निकट भविष्यमै नेपालले भारतलाई बिजुली निर्यात गर्ने अपेक्षा गर्न सकिन्छ । भारतसित भएको विद्युत् विकास तथा विद्युत् व्यापार सम्झौताले नेपालको अर्थतन्त्रलाई मदत पुऱ्याउनेछ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा, विराटनगर, जनकपुर, सिमरा र भैरहवा विमानस्थलको निर्माण पनि भारत सरकारकै सहयोगमा भएको छ । त्यसैगरी, सञ्चार क्षेत्रमा पूर्व-पश्चिम अप्टिकल फाइबर नेटवर्क, गोश्वारा हुलाक काठमाडौं, वैदेशिक हुलाक कार्यालय भवन, झापा, वीरगंज, विराटनगर तथा जनकपुरधामका टेलिफोन एक्सचेन्ज भवनको निर्माणमा पनि भारतले सहयोग गरेको हो ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गको कोहलपुर र महेन्द्रनगर सडक अन्तर्गत २२ वटा पुललगायत अन्य क्षेत्रमा दर्जनौं पुलको निर्माण र नदी नियन्त्रणमा समेत सहयोग गरेको छ । वाग्मती, बकैया र कमला नदीमा तटबन्धको निर्माणमा पनि भारतले सहयोग गरेको छ ।

स्वास्थ्य विज्ञान क्षेत्रमा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रसूति गृह थापाथली, शिक्षण अस्पतालका लागि उपकरण तथा अनेकौं जिल्ला वा अस्पताल भवनको निर्माण, शैक्षिक पूर्वाधार निर्माण क्षेत्रमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको विज्ञान भवन पुस्तकालय, छात्रावास, कर्मचारी भवन, त्रिचन्द्र कलेजको विज्ञान भवन, विराटनगरलगायत देशका विभिन्न भागमा सयकडौं विद्यालय भवनको निर्माणमा सहयोग गरेको छ । यसका अतिरिक्त ग्रामीण विद्युतीयकरण, वीरगंज सुक्खा बन्दरगाहलाई रेलसँग जोड्ने काम, पेट्रोलियम पदार्थको सहज आपूर्तिको लागि अमलेखगंजसम्म पाइपलाइनको निर्माण, सूचना प्रविधिको विकासमा सहयोग, गोरखा रेजिमेन्टमार्फत हजारौं युवालाई जागीर, भारत सरकारले नेपालका करीब सबै जिल्लामा विकास निर्माणको कार्यक्रममा सहयोग गरेको छ । भारत सरकारले अहिले रु आठ हजार करोडभन्दा बढी लगानी नेपालको विकास निर्माणमा गरेको छ । परियोजनाहरू सञ्चालन पूरा हुने अवस्था भइरहेका छन् । हालका दिनमा पनि विभिन्न जिल्लामा अस्पताल भवनको निर्माण, सडक तथा पुलको निर्माण, एम्बुलेन्स तथा स्कूल बस उपहारस्वरूप प्रदान, विभिन्न तहका छात्रहरूलाई निशुल्क छात्रवृत्तिमा भारतका स्तरीय क्याम्पस र विश्वविद्यालय अध्ययनको अवसर प्रदान, सीमा चौकीहरूको निर्माण, रेलमार्ग, पूर्वाधारको निर्माण, तराईका १५ वटा जिल्लामा २० भन्दा बढी सडकको निर्माण कार्य सबै तराई क्षेत्र र राजधानीलाई जोड्ने २६ किलोमिटर दूरीको काठमाडौं, हेटौंडा सडकको निर्माणमा पनि भारतले सहयोग गरेको छ । भारतले गरेको सबै सहयोगको उल्लेख गर्नु सम्भव पनि छैन । मित्रताको मापदण्ड लेनदेन मात्रै हुन सक्दैन । तथापि दक्षिणी छिमेकी भारतले नेपाललाई गरेको सहयोग मित्रतास्वरूपको उपहार हो । कोभिड-१९ को सङ्कटमा पनि भारतले गरेको सहयोग बिर्सिनसक्नु छ ।

## प्रतीक दैनिकको ३५औं वार्षिकोत्सवको अवसरमा रक्तदान गर्ने महानुभावहरू


धर्मेन्द्र चौरसिया


नितेश कर्ण


पुकार सुवेदी


भरत सहनी


अभिषेक पटेल


अजित भुँजेल


हरिकान्त साह


राजेश मिश्र


राधेश्याम पटेल


बलिराम शुक्ल


अनुप तिवारी

# बार पर्साद्वारा पत्रकार महासङ्घ पर्साका पदाधिकारीहरू सम्मानित

प्रस, वीरगंज, ३० साउन/

नेपाल बार एशोसिएशन पर्साले नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका पदाधिकारी, सदस्यहरूलाई शनिवार सम्मान गरेको छ। बारको सभाहलमा आयोजित कार्यक्रममा अध्यक्ष ओमप्रकाश गुप्ताले पत्रकार महासङ्घका पदाधिकारी, सदस्यहरूलाई सम्मान गरेका थिए।


कार्यक्रममा सम्मानित हुँदै अध्यक्ष अनुप तिवारी (बायाँ)। तस्वीर: प्रतीक

सो अवसरमा पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले नागरिकप्रति उत्तरदायी भएर बार र पत्रकार महासङ्घले काम गर्नुपर्ने बताए। उनले दुई संस्थाले सकारात्मक सहकार्य गरी अगाडि बढ्नुपर्ने सुझाव दिए। परिवर्तनका सबैखाले आन्दोलनमा सहकार्य गरेर हिंडेको बार र पत्रकार महासङ्घ आगामी दिनमा पनि जनहितका लागि सहकार्य हुनुपर्नेमा जोड दिए।

पर्सा बारका पूर्वअध्यक्ष सालिकराम प्रसादले आम नेपाली जनता करको भारमा परेको र उनीहरूलाई यसबाट उन्मुक्ति दिलाउन कानून व्यवसायी र पत्रकारले साझा बहस चलाएर अगाडि बढ्नुपर्ने बताए।

पर्सा बारका अध्यक्ष गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा पर्सा बारका रामेश्वर सेढाईं, रामनारायण कुर्मी, वीरेन्द्र यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# गरीबका लागि खुल्यो भरपेट भोजनालय

प्रस, वीरगंज, ३० साउन/

वीरगंज-१२ मुर्लीमा भरपेट भोजनालय सञ्चालन भएको छ। सानो पाइलाले सञ्चालन गरेको भरपेट भोजनालयको नेपाली काङ्ग्रेसका नेता एवं संविधानसभा सदस्य अनिल रूँगटाले उद्घाटन गरे।

सो अवसरमा उनले रु ५० मा भरपेट भोजनको व्यवस्था गरेर सानो पाइलाले विपन्न, गरीब, मजदूरको हितमा काम गरेको बताए।

सानो पाइलाका प्रमुख कार्यकारी अधिकृत कञ्चन झाले संस्थाले विभिन्न सामाजिक कार्य गर्दै आएको र सोही क्रममा गरीब, विपन्न, मजदूरहरूको हितमा भरपेट भोजनालय सञ्चालनमा ल्याएको बताए। उनले भोजनालय सञ्चालनबाट दशजनाले रोजगार पाएको जानकारी गराए।


तस्वीर: प्रतीक

# आइसक्रिम पार्लर सञ्चालनमा

प्रस, वीरगंज, ३० साउन/

वीरगंज महानगर-१० पानीटङ्कीमा 'बी नेचुरल' आइसक्रिम पार्लर सञ्चालनमा आएको छ।


तस्वीर: प्रतीक

नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका अध्यक्ष अनुप तिवारी एवं वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले संयुक्तरूपमा उद्घाटन गरेका थिए।

विगत लामो समयदेखि दुग्धजन्य पदार्थको कारोबारमा संलग्न रवीन्द्र सिंहले बी नेचुरल आइसक्रिम पार्लर सञ्चालनमा ल्याएका हुन्।

कार्यक्रममा अध्यक्ष तिवारी र उपाध्यक्ष राजपालले अनुभवी व्यक्तिबाट व्यवसाय सञ्चालन भएकोले रोजगार प्रवर्द्धनमा टेवा पुग्ने बताए।

आइसक्रिम पार्लर सञ्चालक सिंहले आइसक्रिमका शौखिनहरूको लागि आइसक्रिम पकौडा ल्याउने बताए।

# वृक्षारोपण गर्दै लायन्स भिलेजको शुभारम्भ

प्रस, वीरगंज, ३० साउन/

लायन्स क्लबहरूले संयुक्तरूपमा वृक्षारोपण गर्दै 'माई लायन्स भिलेज'को शुभारम्भ गरेका छन्।


तस्वीर: सौजन्य

'वातावरणलाई बचाऔं' नारासहित स्वच्छ, सफा र हराभरा अभियान अन्तर्गत शनिवार वृक्षारोपण गरी कार्यक्रम शुभारम्भ गरिएको हो।

अल लायन्स क्लब अफ वीरगंज, जीतपुर, सिमरा, अमलेखगंज, गंजभवानीपुर र कलैया क्षेत्रका लायन्स क्लबहरूद्वारा संयुक्तरूपमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं १० नितनपुरमा वृक्षारोपण गरी माई लायन्स भिलेजको शुभारम्भ गरिएको हो।

लायन्स क्लब क्षेत्र नं २ का प्रमुख वासु तिमिल्सिनाको अगुवाइमा भएको बृहत् वृक्षारोपण कार्यक्रममा विभिन्न प्रजातिका करीब छ हजार बिरुवा रोपिएको लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ बी २ का डिस्ट्रिक्ट गभर्नर रामप्रसाद भट्टले जानकारी गराए। उनले लायन्स क्लबहरूले नियमितरूपमा सञ्चालन गर्दै आएका सामाजिक विकासका गतिविधिहरू अन्तर्गत माई लायन्स भिलेज शुभारम्भ भएको बताए।

वृक्षारोपण कार्यक्रममा सिसौं दुई हजार, टिक दुई हजार, सफेदा १५ सय र आमला पाँच सय गरी छ हजारवटा बिरुवा रोपिएको अभियानमा सहभागी विजय कुशवाहाले जानकारी गराए।

# दलितलाई राहत वितरण

प्रस, सेढवा, ३० साउन/

जीराभवानी गाउँपालिका-२ का दलितहरूलाई शनिवार राहत वितरण गरिएको छ।


तस्वीर: प्रतीक

वीरगंजका एक दम्पतीको सहयोगमा सामाजिक कार्यकर्ता प्रकाश थारूले जीराभवानी मन्दिर परिसरमा ३२ जना चमार समुदायका परिवारलाई राहत सामग्री वितरण गरेका थिए।

प्रतिपरिवार २५ किलो चामल, एक किलो नून/दाल, आधा लिटर खानेतेल वितरण गरिएको सामाजिक कार्यकर्ता थारूले बताए।

दैनिक जीविकोपार्जन गर्न समस्या भइरहेको चमार समुदायका परिवारलाई राहत वितरण गरिएको उनले बताए। कार्यक्रममा सशस्त्र प्रहरी निरीक्षक केदार राई, स्थानीय समाजसेवी अर्जुन चौधरी, ब्रह्मानन्द चौधरीलगायतको सहभागिता थियो।

# वडा कार्यालयको उद्घाटन

प्रस, वीरगंज, ३० साउन/

जगरनाथपुर गाउँपालिका-६ मा नवनिर्मित वडा कार्यालयको शनिवार उद्घाटन भएको छ।

प्रदेश सांसद प्रह्लाद गिरीले प्रसौनीमा ४२ लाख रुपैयाँको लागतमा निर्मित भवनको उद्घाटन गरेका हुन्।

वडाध्यक्ष रामअयोध्या पटेलको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सांसद मञ्जुर आलम, गापा अध्यक्ष जालिम मियाँ, सखुवाप्रसौनी गापाका अध्यक्ष प्रदीप जैसवाललगायतले मन्तव्य व्यक्त गरेका थिए।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

WARM WISHES
FROM
Pristine Valley Dryport Pvt Ltd
Sirsiya Drypot, ICD Birgunj, Parsa, Nepal
ON THE OCCASION OF
India's 75th Independence Day

स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।